गढवा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या २०८१/०८२
च.नं.

मिति : २०८१/०८/१२

प्रथम पटक प्रकाशित मिति २०८१।०८।१२

## क्यान्टिन संचालन दरभाउपत्र आह्वान सम्वन्धि सूचना

यस गढवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको कम्पाउण्ड भित्र रहेको क्यान्टिन संचालन गर्ने प्रयोजनको लागि यस गाउँपालिकामा दर्ता नविकरण बा सूचिकृत भएका होटल तथा खाजा नास्ता संचालन गर्ने फर्म तथा व्यवसायीहरुले संस्था दर्ताको प्रमाण पत्र आ.व.०८०।०८१ को कर चुक्ताको प्रमाण पत्र, पान दर्ताको प्रमाण पत्र सहित यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस गाउँपालिका बाट दरभाउपत्र पेश गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएकोछ ।

**मेनु र दर**

| सि.नं. | विवरण | दर |
|---|---|---|
| १ | शाकाहारी खाना (दाल, भात, तरकारी, साग अचार) | १७०।- |
| २ | मासांहारी खाना ( चिकन, भात, तरकारी, साग अचार) | ३००।- |
| ३ | मटन खाना ( मटन, भात, तरकारी, साग अचार) | ३५०।- |
| ४ | माछा खाना ( माछा, भात, तरकारी, साग अचार) | ३२०।- |
| ५ | रोटी नास्ता सेट (४ वटा रोटी, तरकारी,चटनी) प्रति रोटीका दरले | १३०।- |
| ६ | रोटी प्रति पिस | १५।- |
| ७ | मटन प्रति प्लेट | ३००।- |
| ८ | लोकल चिकेन प्रति प्लेट | ३००।- |
| ९ | भेज म.म. प्रति प्लेट (१० पिस) | १२०।- |
| १० | चिकेन म.म. प्रति प्लेट (१० पिस) | १३०।- |
| ११ | अण्डा चाउमिन प्रति प्लेट | १५०।- |
| १२ | चिकेन चाउमिन प्रति प्लेट | १३०।- |
| १३ | भेज चाउमिन | १००।- |
| १४ | पनिर चाउमिन प्रति प्लेट | २५०।- |
| १५ | समौसा मटर प्रति प्लेट ( २ वटा समोसा र मटर ) | ८०।- |
| १६ | समौसा प्रति पिस | २०।- |
| १७ | भेज पकौडा प्रति प्लेट (पिस ८) | ६०।- |
| १८ | पनिर पकौडा प्रति प्लेट (पिस ८) | १५०।- |
| १९ | खाजा प्याक ( २ वटा समौसा,१ मिठाई र नमकिन ) | ९०।- |
| २० | फलफूल सेट प्रति प्लेट | १३०।- |
| २१ | लड्डु प्रति पिस | |
| २२ | पेडा प्रति पिस | ४०।- |
| २३ | लालमोहन प्रति पिस | ४०।- |

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

गढवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गढवा, दाङ
लुम्बिनी प्रदेश, नेपाल

| | | |
|---|---|---|
| २४ | रसभरी र नमकिन | ६०।- |
| २५ | दुध मलाई प्रति पिस | ४०।- |
| २६ | गाजर हलुवा सप प्लेट | २००।- |
| २७ | सुजी हलुवा सप प्लेट | ८०।- |
| २८ | आलु पराठा प्रति पिस | ५०।- |
| २९ | दुध चिया प्रति गिलास | २०।- |
| ३० | कालो चिया प्रति गिलास (लेमन टी) | २०।- |
| ३१ | मिल्क कफि प्रति कप | ८०।- |
| ३३ | लप्सी प्रति गिलास | ४०।- |
| ३४ | अण्डा चिउरा बोइल २ पिस | ७०।- |
| ३५ | चना,आलु र चिउरा सेट | ७०।- |
| ३६ | चना प्रति प्लेट | ५०।- |
| ३७ | अण्डा प्रति पिस उमालेको | ३०।- |
| ३८ | लोकल चिकेन चिउरा हाफ प्लेट | २२०।- |
| ३९ | चिकेन चिउरा हाफ प्लेट | २००।- |
| ४० | दही चिउरा हाफ प्लेट | ५०।- |
| ४१ | दही प्रति गिलास | ४०।- |
| ४२ | दुध प्रति गिलास | ३०।- |
| ४३ | जेरी प्रति पिस | २०।- |
| ४४ | पुरी प्रति पिस | १०।- |
| ४५ | जेरी, चना,पुरी २ पिस सेट | ७०।- |
| ४६ | चिकेन फ्राई प्रति प्लेट | ३००।- |
| ४७ | चिकेन बिरयानी प्रति प्लेट | २५०।- |
| ४८ | मटन बिरयानी प्रति प्लेट | ३००।- |
| ४९ | भुटुवा सेट हाफ | १३०।- |
| ५० | माछा फ्राई सेट प्रति पिस ६० | ३००।- |
| ५१ | माछा ग्रेभी प्रति प्लेट | ३००।- |
| ५२ | चाउचाउ फ्राई | ६०।- |
| ५३ | चाउचाउ सुप | ६०।- |
| ५४ | जाम ब्रेड २ पिस | ५०।- |
| ५५ | अण्डा अमलेट | |
| ५६ | फेन्टा, कोक, स्प्राइट प्रति पिस २५० मिलि | ६०।- |
| ५७ | मिनरल वाटर | २५।- |
| ५८ | खिर प्रति प्लेट | १३०।- |
| ५९ | मिक्स फलफूल | |

**शर्तहरु:-**

१. क्यान्टिनमा काम गर्ने सबै कर्मचारीहरुले अनिवार्य रुपमा क्यान्टिन पोशाक लगाउनु पर्ने छ।

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत

२. दरभाउ पत्र पेश गर्दा क्यान्टिन भाडा वापतको न्यूनतम मासिक रकम रु.१०,०००।-( अक्षेरुपी दश हजार रुपैयाँ मात्र) लाई आधार मानि बोलकबोल गर्नु पर्नेछ । मूल्यांकन गर्दा भाडा वापतको रकमको भार ३० प्रतिशत मेनु दरलाई ७० प्रतिशत मानी मूल्यांकन गरिनेछ । यो ठेक्का २०८६ साल असार मसान्त सम्मका लागि मान्य हुनेछ ।

३. मुल्यांकन आइटम वाइज भन्दा पनि एकमुष्ट रुपमा कमहुनेलाई आधार मानि मूल्यांकन गरिनेछ ।

४. दरभाउपत्रमा सहभागी हुन इच्छुक दरभाउदाताले कबोल अंकको ५ प्रतिशत धरौटी यस कार्यालयको धरौटी खाता नं.५१४१४९८८२४५२४००३ मा नगद दाखिला गर्नु पर्नेछ ।

५. क्यान्टिन संचालन गर्दा सम्पूर्ण आइटमहरु क्यान्टिन भित्र नै तयार गरि उपलब्ध गराउनु पर्नेछ ।

६. बिधुत खर्चको हकमा सव मिटरमा आउने विल अनुसार क्यान्टिन संचालकले गाउँपालिकालाई बुझाउनु पर्नेछ ।

७. क्यान्टिन संचालकले प्रयाप्तरुपमा संचलानार्थ जनशक्तिको व्यवस्थापन गर्नु पर्नेछ ।

८. झिंगा भन्केको बासी सडेगलेको तथा कम गुणस्तरको खाद्य पदार्थ बिक्री बितरण गर्न पाईने छैन ।

९. क्यान्टिन संचालकले खाजा नास्ता पकाउदा ताजा तेल प्रयोग गर्नु पर्ने छ ।

१०. मिति २०८१।०८।२५ गते सम्म रु.१,०००।-(अक्षेरुपी एक हजार रुपैयाँ मात्र) दस्तुर तिरी कार्यालय समय भित्र दरभाउ पत्र खरिद गर्न सकिनेछ ।

११. दरभाउपत्र १६ औं दिन दिउँसो १२:०० बजे भित्र यस गाउँपलिकामा आई दर्ता गरिसक्नु पर्नेछ । सो दिन बिदा परेको खण्डमा भोलि पल्ट दर्ता हुनेछ ।

१२. गाउँपालिका कर्मचारीहरुको लागि जुनसुकै समयमा भनेको बखतमा खाना तथा खाजा उपलब्ध गराउन् पर्नेछ ।

१३. महंगीको अवस्थालाई मध्येनजर गरि गाउँ कार्यपालिकाको निर्णय अनुसार बार्षिक रुपमा दरहरु परिमार्जन गर्न सकिनेछ ।

१४. क्यान्टिन भित्र मादक पदार्थ, सूर्तिजन्य पदार्थ,चुरोट ,गुटखा, पान, खैनी बिक्री वितरण तथा सेवन गर्न गराउन पाईने छैन ।

१५. क्यान्टिन र त्यस भित्र रहेको चर्पि र वरपर हुने फोहोरमैलाको व्यवस्थापन  एवम् सरसफाई क्यान्टिन संचालक आफैले नियमित गर्नु पर्नेछ ।

१६. दररेट पेश गर्दा सूचनामा उल्लेख भएको भाडा दर भन्दा घटी र खाजा नास्तामा तोकेको दर भन्दा बढी पेश गर्न पाइने छैन ।

१७. सम्झौताको बखत रकम रु.५०,०००।- (अक्षेरुपी पचास हजार रुपैया मात्र) बैंक जमानत वापत धरौटी खातामा र १ बर्षको हुन आउने किस्ता रकम यस कार्यालयको राजश्व खातामा दाखिला गर्नु पर्नेछ । किस्ता रकम बार्षिक रुपमा श्रावण महिनाको पहिलो हप्ता भित्र दाखिला गर्नु पर्नेछ ।

१८. स्वीकृत मेनुको दर सेवाग्राहीहरुले देखिने गरि टाँसिनु पर्नेछ ।

१९. खाजा, खाना र नास्ता तोकिएको परिमाणमा गुणस्तर हुनुपर्नेछ र शर्त बमोजिम क्यान्टिन संचालन गर्नु पर्नेछ । अन्यथा जुनसुकै बेला सम्झौता रद्द गर्न सकिनेछ ।

२०. क्यान्टिनको लागि चाहिने आवश्यक फर्निचर भाँडा वर्तन को व्यवस्था क्यान्टिन संचालक स्वयंले गर्नु पर्नेछ ।

२१. यसमा उल्लेख भएका कुराहरु यसै बमोजिम  र यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

..........................
कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशाकीय अधिकृत

कृष्ण प्रसाद पौड्याल
प्रमुख प्रशासकीय अधिकृत